## पुथा उत्तरगङ्गा गाउँ कार्यापालिकाबाट स्वीकृत मितिः२०८१।११।१८ गते

# पुथा उत्तरगङ्गा गाउँपालिका भित्र रहेका विभिन्न सामुदायिक विद्यालयहरूमा रिक्त हुने विद्यालय सहयोगी कर्मचारी, प्रारम्भिक बालबिकास शिक्षक तथा विद्यालय सहायक कर्मचारी पदपूर्तिको लागि छनोट गरिने पाठ्यक्रम तथा परीक्षा सम्बन्धी मापदण्ड, २०८१

पुथा उत्तरगङ्गा गाउँपालिकामा भित्र रहेका सामुदायिक विद्यालयहरूमा शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमनका लागि स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ " ज" ले दिएको अधिकार तथा पुथा उत्तरगङ्गा गाउँपालिका करार शिक्षक तथा कर्मचारी छनोट तथा व्यवस्थापन कार्यविधि, २०७९ को अधिनमा रहिँ शिक्षक तथा कर्मचारी पदपूर्तिको लागि यो पाठ्यक्रम लागु गरिएको छ ।

## पाठ्यक्रमको रूपरेखाः यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ ।

| **परीक्षाको चरण** | **परीक्षाको किसिम** | **पूर्णाङ्क** |
|---|---|---|
| प्रथम चरण | बहुवैकल्पिक प्रश्न तथा विषयगत प्रश्न | ४०+६० =१०० |
| अन्तिम चरण | अन्तर्वार्ता | २० |

**क) विद्यालय सहयोगी कर्माचारी छनोट परीक्षाको पाठ्यक्रमः- लिखित परीक्षा योजना (Written Examination Scheme )**

| **वस्तुगत परीक्षा** | | | **विषयगत परीक्षा** | | **प्रति प्रश्न अङ्कभार** | **जम्मा पूर्णाङ्क** | **उत्तीर्णाङ्क** | **अन्तर्वार्ता** |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्क भार | पूर्णाङ्क | प्रश्न सङ्ख्या | | १०० | वस्तुगत र विषयगत गरी जम्मा ४० अङ्क | २० पूर्णाङ्क |
| ४० | २० | २ | ६० | १० | | | | |
| | | | सङ्क्षिप्त उत्तर आउने प्रश्न | ८ | ५ | | | |
| | | | लामो उत्तर आउने प्रश्न | २ | २० | | | |

**<u>खण्ड (क)</u>**

**लिखित परीक्षा अन्तर्गत वस्तुगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषय क्षेत्र र अङ्कभारः**

| **क्र. सं.** | **विषयवस्तुको क्षेत्र** | **प्रश्न सङ्ख्या** | **प्रति प्रश्न अङ्कभार** | **जम्मा अङ्कभार** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | पुथा उत्तरगङ्गा गाउँपालिकाको भौगोलिक, जैविक, सामाजिक, धार्मिक, प्रशासनिक तथा साङ्गठनिक संरचना सम्बन्धी सामान्य जानकारी | ५ | २ | १० | |
| २ | शिक्षा क्षेत्रमा ICT को प्रयोग सम्बन्धी सामान्य जानकारी | २ | २ | ४ | |
| ३ | नेपाली भाषा सम्बन्धी सुनाई, बोलाई, पढाई, लेखाई सीप तथा व्याकरण सम्बन्धी सामान्य जानकारी | २ | २ | ४ | |
| ४ | विद्यालय कक्षाकोठा व्यवस्थापन तथा कार्यालय व्यवस्थापन सम्बन्धी सामान्य जानकारी (दर्ता/चलानी, फाइलिङ्ग र अभिलेख व्यवस्थापन ) | २ | ३ | ६ | |
| ५ | दैनिक व्यवहारीक गणित सम्बन्धी सामान्य जानकारी (जोड, घटाउ, गुणान, भाग | २ | २ | ४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | र प्रतिशत) | | | | |
| ६ | अङ्ग्रेजी भाषा सम्बन्धी सामान्य जानकारी | २ | २ | ४ | |
| ७ | शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) सम्बन्धी सामान्य जानकारीः (सेवा सर्त, बिदा, विव्यस गठन , विद्यार्थी शिक्षक आचारसंहिता) | २ | २ | ४ | |
| ८ | नेपालको संविधान २०७२ बारेमा सामान्य जानकारी मौलिक हक सम्बन्धी | २ | २ | ४ | |
| जम्मा | | २० | | ४० | |

**खण्ड (ख)**

**लिखित परीक्षा अन्तर्गत विषयगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषयक्षेत्र र अङ्कभार**

| क्र. सं. | विषयवस्तुको क्षेत्र | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | जम्मा अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राथमिक उपचारः प्राथमिक उपचारको परिचय र महत्त्व, घर , विद्यालय तथा खेलमैदानमा हुने सम्भावित दुर्घटनाहरू र दुर्घटनाबाट बच्ने उपायहरू तथा विपद् व्यवस्थापन बारेमा जानकारी | १ | ५ | ५ | |
| २ | व्यक्तिगत सरसफाई, घरायसी सरसफाई, वातावरणीय सरसफाई तथा फोहोर व्यवस्थापन बारेमा आधारभूत जानकारी | १ | ५ | ५ | |
| ३ | कार्यालय व्यवस्थापन सम्बन्धी आधारभूत जानकारी | १ | ५ | ५ | |
| ४ | विद्यालय दिवा खाजा कार्यक्रमको परिचय, महत्त्व, दिवा खाजा व्यवस्थापनका तरिका तथा स्थानीय स्तरमा उत्पादन हुन सक्ने परिकारहरू | १ | १० | १० | |
| ५ | दैनिक व्यवहारीक गणित, सीप सम्बन्धी सामान्य जानकारीः जोड, घटाउ, गुणान, भाग र प्रतिशत | १ | ५ | ५ | |
| ६ | अङ्ग्रेजी भाषा सम्बन्धी सामान्य जानकारी | १ | ५ | ५ | |
| ७ | विद्यालयमा सञ्चालन हुने विभिन्न दिवस, उत्सव तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | १ | ५ | ५ | |
| ८ | नेपालको संविधान, २०७२ मा शिक्षा तथा बालबालिका सम्बन्धी मौलिक हक बारेमा जानकारी | १ | ५ | ५ | |
| ९ | सामाजिक समस्या तथा विकृति र समाधानका उपायहरू तथा विद्यालयमा द्धन्द व्यवस्थापन बारेमा जानकारी | १ | ५ | ५ | |
| १० | विद्यालय सहयोगी कर्मचारीको काम,  कर्तव्य, भूमिका तथा शिक्षक कर्मचारीको आचारसंहिता बारेमा जानकारी तथा कक्षाकोठा व्यवस्थापन | १ | १० | १० | |
| जम्मा | | १० | | ६० | |

**विद्यालय सहयोगी कर्मचारी छनोट परीक्षाको अन्तर्वार्ता योजना (Interview Examination Scheme)**

१. शैक्षिक योग्यता बापतः ५ अङ्क

- ✓ विद्यालय सहयोगी कर्मचारीको लागि सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा ३ अङ्क र द्धितीय श्रेणी भए २ अङ्क,
- ✓ सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा २ अङ्क र द्धितीय श्रेणी भएमा १ अङ्क,

२. अन्तर्वार्ता बापतः १५ अङ्क

- ✓ व्यक्तित्व/ आचरण बापत – ४ अङ्क
- ✓ सम्बन्धीत पदको विषयवस्तुको ज्ञान बापत- ५ अङ्क
- ✓ प्रस्तुतिकरण बापत- ४ अङ्क
- ✓ सम्बन्धीत पदमा कामको अनुभव बापत प्रति वर्ष ०.५ अङ्कका दरले बढीमा २ अङ्क

❖ **तर अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुपर्ने कारण स्पष्ट रूपमा खुलाउनुपर्नेछ।**

**द्रष्टव्यः विद्यालय सहयोगी कर्मचारीको लागि अन्य थप स्पष्टताः**

- ➢ न्यूनतम शैक्षिक योग्यताः माध्यमिक तह सञ्चालित विद्यालयमा उम्मेदवार बन्न मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE उत्तीर्ण वा सो सरह उत्तीर्ण हुनपर्नेछ भने आधारभूत तह सञ्चालति विद्यालयमा उम्मेदवार बन्न मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तीर्ण वा सो सरह हुनेछ।
- ➢ विद्यालय सहयोगीको उमेर हद १८ वर्ष पूरा भएर ४० वर्ष ननाघेको हुनुपर्नेछ।
- ➢ वस्तुगत परीक्षाको लागि ३० मिनेट समय निर्धारण गरिएको छ।
- ➢ विषयगत परीक्षाको लागि २ घण्टा ३० मिनेट समय निर्धारण गरिएको छ।
- ➢ वस्तुगत र विषयगत परीक्षामा गरी समग्रमा जम्मा उत्तीर्णाङ्क ४० अङ्क हुनेछ।
- ➢ वस्तुगत परीक्षामा परीक्षार्थीले गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा अङ्क कट्टा गरिनेछैन। तर केरमेट गरी उत्तर लेखेमा उक्त उत्तरलाई गलत उत्तर मानी अङ्क कट्टा गरिनेछ।
- ➢ यस पाठ्यक्रम अन्तर्गतका विषयमा जुन सुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून (ऐन, नियम) तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।
- ➢ यो पाठ्यक्रम तथा मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुभन्दा अगाडी भए गरेका काम कार्बाहीहरू यथावत हुनेछन्।
- ➢ विद्यालय सहयोगीको अवकाश उमेर हद ६० वर्ष हुनेछ।
- ➢ यस पाठ्यक्रमलाई प्रथम चरण र अन्तिम चरण गरी दुई चरणमा विभाजन गरिएको छ।
- ➢ उत्तरपुस्तिकामा मिल्ने सही विकल्प (क) (ख) (ग) र (घ) उल्लेख गर्नुपर्नेछ।
- ➢ प्रथम चरण उत्तीर्ण भई उच्चतम अङ्क प्राप्त गर्ने (१ पदको लागि) ३ जना उम्मेदवारहरूको रोल्न अनुसार प्रथम चरणको लिखित नतिजा प्रकाशन गरिनेछ।
- ➢ प्रथम चरण र अन्तिम चरणको जम्मा प्राप्ताङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार सफल उम्मेदवारको रूपमा अन्तिम नतिजा प्रकाशन गरिनेछ।
- ➢ यो पाठ्यक्रम पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

## ख)प्रारम्भिक बालबिकास शिक्षक छनोट परीक्षाको पाठ्यक्रम लिखित परीक्षाको योजना
## (Written Examination Scheme)

**पाठ्यक्रमको रूपरेखाः यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ।**

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| प्रथम चरण | बहुवैकल्पिक प्रश्न तथा विषयगत प्रश्न | ४०+६० =१०० |
| अन्तिम चरण | अन्तर्वार्ता | २० |

**क)बालबिकास शिक्षक छनोट परीक्षाको पाठ्यक्रमः- लिखित परीक्षाको योजना (Written Examination Scheme )**

| वस्तुगत परीक्षा | | | विषयगत परीक्षा | | प्रति प्रश्न अङ्कभार | जम्मा पूर्णाङ्क | उत्तीर्णाङ्क | अन्तर्वार्ता |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्क भार | पूर्णाङ्क | प्रश्न सङ्ख्या | | १०० | वस्तुगत र विषयगत गरी जम्मा ४० अङ्क | २० पूर्णाङ्क |
| ४० | २० | २ | ४० | १० | | | | |
| | | | सङ्क्षिप्त उत्तर आउने प्रश्न | ८ | ५ | | | |
| | | | लामो उत्तर आउने प्रश्न | २ | १० | | | |

**<u>खण्ड (क)</u>**

**लिखित परीक्षा अन्तर्गत वस्तुगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषय क्षेत्र र अङ्कभारः**

| क्र. सं. | विषयवस्तुको क्षेत्र | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | जम्मा अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक विविधता, प्रदेश, जिल्ला, स्थानीय तह, ताल, तलैया, नदि, हिमाल) | १ | २ | २ | |
| २ | शिक्षा क्षेत्रमा ICT को प्रयोग सम्बन्धी सामान्य जानकारी | १ | २ | २ | |
| ३ | समसामयिक घटनाक्रम तथा नविनतम जानकारीहरू | २ | २ | ४ | |
| ४ | विद्यालय कक्षाकोठा व्यवस्थापन तथा कार्यालय व्यवस्थापन सम्बन्धी सामान्य जानकारी (दर्ता/चलानी, फाइलिङ्ग र अभिलेख व्यवस्थापन ) | १ | २ | २ | |
| ५ | नेपालको शैक्षकि इतिहास | १ | २ | २ | |
| ६ | शिक्षा मनोविज्ञानको अर्थ, अवधारणा, आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाई योजना र दैनिक पाठ्योजना | २ | २ | ४ | |
| ७ | शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) सम्बन्धी सामान्य जानकारीः (सेवा सर्त, बिदा, विव्यस गठन, शिक्षक अभिभावक सङ्घ गठन , विद्यार्थी शिक्षक आचारसंहिता) | २ | २ | ४ | |
| ८ | शैक्षणिक सङ्गठनः कक्षा शिक्षण, बहुकक्षा शिक्षण र विषय शिक्षण | २ | २ | ४ | |
| ९ | बालमैत्री कक्षाकोठा व्यवस्थापन तथा शिक्षण सिकाईमा ICT को प्रयोग सम्बन्धी ज्ञान | २ | २ | ४ | |
| १० | पाठ्यक्रमको परिचय तथा अवधारणा, प्रारम्भिक बालबिकास कक्षाको | २ | २ | ४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पाठ्यक्रम तथा बालविकास तहका सक्षमताहरू | | | | |
| ११ | गणित, अङ्ग्रेजी र नेपाली विषयका आधारभूत कुराहरू | २ | २ | ४ | |
| १२ | नेपालको संविधान २०७२ बारेमा सामान्य जानकारी मौलिक हक सम्बन्धी र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था | २ | २ | ४ | |
| जम्मा | | २० | | ४० | |

## खण्ड (ख)

## लिखित परीक्षा अन्तर्गत विषयगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषयक्षेत्र र अङ्कभार

| क्र. सं. | विषयवस्तुको क्षेत्र | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | जम्मा अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|
| १ | बालमनोविज्ञानः अर्थ, अवधारणा, आवश्यकता र महत्त्व<br>मानव विकासः वृद्धि र विकासको अवधारणा, पूर्व बाल्यावस्थाको परिचय, विकासात्मको परिचय, विकासात्मक कार्य, विशेषता, संवेगात्मक परिवर्तन, रुचि, सङ्कट तथा पूर्ववाल्यावस्थाका विद्यार्थीहरूको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका | १ | १० | १० | |
| २ | शैक्षणिक योजनाः परिचय, आवश्यकता, निर्माण र प्रयोग, वार्षिक कार्यतालिका, वार्षिक शैक्षणिक योजना, एकाइ योजना, दैनिक पाठ्योजना कक्षाकोठा व्यवस्थापनः अवधारणा र महत्त्व, कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन | १ | १० | १० | |
| ३ | शैक्षणिक व्यवस्थापनः कक्षा शिक्षण, विषय शिक्षण र बहुकक्षा शिक्षण, कक्षाकोठामा विविधता व्यवस्थापन तथा बाल मैत्री कक्षाकोठा व्यवस्थापनः भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिक र शारिरीक | १ | ५ | ५ | |
| ४ | शैक्षिक सामग्री तथा शिक्षण विधिः शैक्षिक सामग्रीको प्रकार र निर्माण, महत्त्व, विद्यार्थी केन्द्रित शिक्षण विधि, प्रयोग र महत्त्व | १ | ५ | ५ | |
| ५ | व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाई तथा प्राथमिक उपचारः व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाई, फोहोर व्यवस्थापन, प्राथमिक उपचारको परिचय, महत्त्व, घर, विद्यालय र खेलमैदानमा हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरू | २ | ५ | १० | |
| ६ | बालकिकास तहका सक्षमताहरू तथा प्रारम्भिक बालबिकास केन्द्रका न्यूनतम् मापदण्ड कार्यान्वयन बारेमा जानकारी | १ | ५ | ५ | |
| ७ | प्रारम्भिक बालबिकास राष्ट्रिय रणनीति २०७७- २०८८ बारेमा सामान्य जानकारी | १ | ५ | ५ | |
| ८ | मूल्याङ्कन र परीक्षाः मूल्याङ्कनको अवधारणा, उद्देश्य, प्रकारहरू, मूल्याङ्कनका साधनहरू र प्रयोग तथा प्राथमिक तहमा प्रयोग हुने मूल्याङ्कनका विधि तथा प्रक्रियाहरू, परीक्षाको अवधारणा, उद्देश्य र प्रकार | १ | ५ | ५ | |
| ९ | विद्यालयमा द्धन्द व्यवस्थापन तथा विपद् व्यवस्थापनको अवधारणा र महत्त्व | १ | ५ | ५ | |
| जम्मा | | १० | | ६० | |

**प्रारम्भिक बालबिकास शिक्षक छनोट परीक्षाको अन्तर्वार्ता योजना (Interview Examination Scheme)**

१. शैक्षिक योग्यता बापतः ५ अङ्क

- ✓ प्रारम्भिक शिक्षकको लागि सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा ३ अङ्क र द्धितीय श्रेणी भए २ अङ्क,
- ✓ सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा २ अङ्क र द्धितीय श्रेणी भएमा १ अङ्क,

२. अन्तर्वार्ता बापतः १५ अङ्क

- ✓ व्यक्तित्व/ आचरण बापत – ४ अङ्क
- ✓ सम्बन्धीत पदको विषयवस्तुको ज्ञान बापत- ५ अङ्क
- ✓ प्रस्तुतिकरण बापत- ४ अङ्क
- ✓ सम्बन्धीत पदमा कामको अनुभव बापत प्रति वर्ष ०.५ अङ्कका दरले बढीमा २ अङ्क

❖ **तर अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुपर्ने कारण स्पष्ट रूपमा खुलाउनुपर्नेछ।**

**द्रष्टव्यः प्रारम्भिक बालबिकास शिक्षकका लागि अन्य थप स्पष्टताः**

- ➢ न्यूनतम शैक्षिक योग्यताः माध्यमिक तह सञ्चालित विद्यालयमा उम्मेदवार बन्न मान्यता प्राप्त शैक्षिक संस्थाबाट कुनै पनि शिक्षा सङ्काय विषयमा कक्षा १२ वा प्रविणता पत्र वा सो सरह उत्तीर्ण हुनपर्नेछ।
- ➢ बालबिकास शिक्षकको उमेर हद २१ वर्ष पूरा भएर ४० वर्ष ननाघेको हुनुपर्नेछ।
- ➢ सम्बन्धीत वडाको स्थायी बासीन्दा भएको हुनुपर्नेछ।
- ➢ शिक्षण अध्यापन अनुमतिपत्र भएको उम्मेदवारलाई विशेष ग्राहयता दिनुपर्नेछ।
- ➢ वस्तुगत परीक्षाको लागि ३० मिनेट समय निर्धारण गरिएको छ।
- ➢ विषयगत परीक्षाको लागि २ घण्टा ३० मिनेट समय निर्धारण गरिएको छ।
- ➢ वस्तुगत र विषयगत परीक्षामा गरी समग्रमा जम्मा उत्तीर्णाङ्क ४० अङ्क हुनेछ।
- ➢ वस्तुगत परीक्षामा परीक्षार्थीले गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा अङ्क कट्टा गरिनेछैन। तर केरमेट गरी उत्तर लेखेमा उक्त उत्तरलाई गलत उत्तर मानी अङ्क कट्टा गरिनेछ।
- ➢ यस पाठ्यक्रम अन्तर्गतका विषयमा जुन सुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून (ऐन, नियम) तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।
- ➢ यो पाठ्यक्रम तथा मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुभन्दा अगाडी भए गरेका काम कार्बाहीहरू यथावत हुनेछन्।
- ➢ बालबिकास शिक्षकको अवकाश उमेर हद ६० वर्ष हुनेछ।
- ➢ यस पाठ्यक्रमलाई प्रथम चरण र अन्तिम चरण गरी दुई चरणमा विभाजन गरिएको छ।
- ➢ उत्तरपुस्तिकामा मिल्ने सही विकल्प (क) (ख) (ग) र (घ) उल्लेख गर्नुपर्नेछ।

- प्रथम चरण उत्तीर्ण भई उच्चतम अङ्क प्राप्त गर्ने (१ पदको लागि) ३ जना उम्मेदवारहरूको रोल्न अनुसार प्रथम चरणको लिखित नतिजा प्रकाशन गरिनेछ।
- प्रथम चरण र अन्तिम चरणको जम्मा प्राप्ताङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार सफल उम्मेदवारको रूपमा अन्तिम नतिजा प्रकाशन गरिनेछ।
- यो पाठ्यक्रम पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

## ग)  विद्यालय सहायक (लेखा) कर्मचारी छनोट परीक्षाको पाठ्यक्रम लिखत परीक्षा योजना

## (Written Examination Scheme)

| सामान्य परीक्षा – प्रथम पत्र (वस्तुगत/ बहुवैकल्पिक प्रश्नहरू) | | | | द्धितीय पत्र (विषयगत परीक्षा) | | | | जम्मा पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | जम्मा पूर्णाङ्क | |
| १०० | ५० | ५० | २ | १०० | ४० | १० | १० | १०० | |

### (खण्ड - क)

### लिखित परीक्षा अन्तर्गत सामान्य परीक्षाको पाठ्यक्रम ढाँचा, विषय क्षेत्र र अङ्कभार

| क्र. सं. | विषयवस्तुको क्षेत्र | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | जम्मा अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपालको भूगोलः<br>▪ भौगोलिक अवस्थाः धरातलिय स्वरुप, किसिम र विशेषता,<br>▪ प्राकृतिक स्रोतहरूः किसिम, उपलब्धता र उपयोग,<br>▪ हावापानीको किसिम, विशेषता र त्यसको प्रभाव<br>▪ भौगोलिक विविधता र जनजीवन | ४ | २ | ८ | |
| २ | नेपालको इतिहास, संस्कृती र सामाजिक अवस्थाः<br>▪ आधुनिक इतिहासः महत्त्वपूर्ण राजनितिक घटनाक्रम,<br>▪ नेपाली समाजः बनोट, सामाजिक प्रथा, परम्परा, मूल्य र मान्यता<br>▪ सांस्कृतीक सम्पदाः किसिम, स्थिती, विशेषता, महत्त्व र संरक्षण | ३ | २ | ६ | |
| ३ | नेपालको आर्थिक विकासः<br>▪ नेपालको अर्थतन्त्रको स्वरुप,<br>▪ विकासका पूर्वाधारहरूः शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, विद्युत र पर्यटन<br>▪ चालु आवधिक योजना र बजेटमा शिक्षा सम्बन्धी गरिएको व्यवस्था | ३ | २ | ६ | |
| ४ | अन्तर्राष्ट्रि सम्बन्ध तथा सङ्घ/ संस्थाः<br>▪ विभिन्न राष्ट्रहरूसँगको दौत्य सम्बन्ध, संयुक्त राष्ट्र सङ्घ (UNO), SAARC र BIMSTIC सम्बन्धी सामान्य जानकरी | ३ | २ | ६ | |
| ५ | सूचना तथा सञ्चार प्रविधिः<br>▪ कम्प्युटरः परीचय, प्रकार, हार्डवेयर, सफ्टवेयर र अफिस प्याकेज (MS Word, Excel, PowerPoint) and E- mail, Internet सम्बन्धी सामान्य जानकारी<br>▪ शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सम्बन्धी आधारभूत जानकारी<br>▪ School Accounting Software (SAS) सम्बन्धी सामान्य जानकारी | ५ | २ | १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ▪ शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (श्रव्य, दृष्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री ) सम्बन्धी सामान्य जानकारी<br>▪ साइवर अपराध र सुरक्षा सम्बन्धी आधारभूत ज्ञान | | | | |
| ६ | विद्यालय लेखाङ्कन सम्बन्धी आधारभूत जानकारी | ३ | २ | ६ | |
| ७ | लेखा सम्बन्धी नियमको जानकारी, विद्यालयमा सामाजिक परिक्षण तथा लेखा परिक्षण र विद्यालय सुधार योजनासम्बन्धी आधारभूत ज्ञान | ३ | २ | ६ | |
| ८ | कार्यालय सञ्चालन र अभिलेख व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | २ | २ | ४ | |
| ९ | विज्ञान र प्रविधिः प्रसिद्ध वैज्ञानिकहरू सम्बन्धी जानकारी तथा प्रमुख वैज्ञानिक अन्वेषण र आविष्कारहरू सम्बन्धी सामान्य ज्ञान | २ | २ | ४ | |
| १० | विद्यालयमा शैक्षिक तथ्याङ्क सङ्कलन, विश्लेषण तथा समस्याको पहिचान | २ | २ | ४ | |
| ११ | शिक्षा मनोविज्ञानको अर्थ, अवधारणा , आवश्यकता र महत्त्व | २ | २ | ४ | |
| १२ | शैक्षणिक योजनाः अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाई योजना र दैनिक पाठ्योजना | ३ | २ | ६ | |
| १३ | अङ्ग्रेजी भाषा सम्बन्धी सामान्य सीप | १ | २ | २ | |
| १४ | शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) मा शिक्षक – कर्मचारीको सेवा सर्त, बिदा र विव्यस गठन, शिक्षक अभिभावक सङ्घ, विद्यार्थी – शिक्षक आचारसंहिता) , सार्वजनिक खरिद सेवा ऐन, २०६३ र नियमावली, २०६४ सम्बन्धी आधारभूत जानकारी | ४ | २ | ८ | |
| १५ | नेपालको संविधान, २०७२ सम्बन्धी सामान्य जानकारी (शिक्षा तथा बालबालिका सम्बन्धी मौलिक हक) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था | ४ | २ | ८ | |
| १६ | Aptitude Test:<br>▪ Verbal reasoning (series, analogy, classification, coding, decoding)<br>▪ Non – verbal reasoning (series, analogy, classification, Venn diagrams, matrices, construction of squares and triangles),<br>▪ Quantitative aptitude (arithmetic reasoning / operation, percentage, fraction, decimal), | ६ | २ | १२ | |
| | जम्मा | ५० | | १०० | |

**खण्ड (ख)**

**लिखित परीक्षा अन्तर्गत विषयगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषयक्षेत्र र अङ्कभार**

| क्र. सं. | विषयवस्तुको क्षेत्र | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | जम्मा अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|
| १ | लेखा तथा लेखापालनः लेखा र लेखापालनको अवधारणा, सिद्धान्त, उद्देश्य, महत्त्व, सरकारी र व्यावसायिक लेखा प्रणाली तथा लेखा परीक्षण सम्बन्धी सामान्य जानकारी<br>विद्यालय कोष सञ्चालनः विद्यालय कोष, स्रोतहरू र सञ्चालनको तरिका<br>बजेट तर्जुमाः आम्दानी र खर्चको अनुमान | १ | १० | १० | |
| २ | आम्दानी र खर्च लेखाङ्कन तथा वित्तीय प्रतिवेदनः<br>▪ गोश्वारा भौचर, बैंक नगदी किताव, खर्चको फाँटवारी, सन्तुलन परीक्षण, | १ | १० | १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | धरौटीको वित्तिय विवरण, सानो नगदी कोषको विवरण, भ्रमण आदेश र भ्रमण विल, भर्पाई, नगदी रसिद नियन्त्रण खाता र दर्ता र शुल्क किताब<br>■ वित्तिय प्रतिवेदन सम्बन्धी जानकारीः आय व्ययको प्रतिवेदन (मासीक, त्रैमासीक र वार्षिक), वासलात | | | | |
| ३ | जिन्सी तथा सम्पत्ति व्यवस्थापनः<br>■ जिन्सी अभिलेखाङ्कन र प्रतिवेदन सम्बन्धी जानकारीः ( माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन, खर्च भएर जाने र नजाने सामानको जिन्सी खाता, हस्तान्तरण फाराम, जिन्सी मौज्दातको वार्षिक प्रतिवेदन र जिन्सी निरीक्षण प्रतिवेदन) | १ | १० | १० | |
| ४ | पत्र व्यवहारः परिचय, पत्र लेखन, उद्देश्य, चिठ्ठी/ पत्रका गुणहरू, चिठ्ठी/पत्रका प्रकार (प्रयोग र प्राथमिकताको आधारमा)<br>दर्ता र चलानीः परिचय, उद्देश्य र महत्त्व | १ | १० | १० | |
| ५ | परिचय, पत्र लेखन, उद्देश्य र प्रकार, अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग, फाईलिङ्को परिचय, उद्देश्य, महत्त्व, प्रकार | १ | १० | १० | |
| ६ | सामाजिक परीक्षण र विद्यालय सुधार योजनाः परिचय, उद्देश्य, आवश्यकता/ महत्त्व, वर्तमान अभ्यास | १ | १० | १० | |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन व्यवहारकुशल सीप, विद्यालय – समुदाय सम्बन्ध, शिक्षक / कर्मचारी- विद्यार्थी र अभिभावक सम्बन्ध, परीक्षा र मूल्याङ्कन सम्बन्धी सामान्य जानकारी | १ | १० | १० | |
| ८ | कार्यालय व्यवस्थापनमा कम्प्युटर प्रणालीको प्रयोग, आवश्यकता र महत्त्व, अपनाउनुपर्ने सावधानी, तथ्याङ्क तथा सूचनाको प्रकृति र महत्त्व | १ | १० | १० | |
| ९ | नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था | १० | १० | १० | |
| १० | विद्यालयमा द्धन्द व्यवस्थापन तथा विपद व्यवस्थापनको अवधारणा, महत्त्व, चरण तथा प्रक्रियाहरू<br>विद्यालयमा गुनासो पेटीका व्यवस्थापनको महत्त्व तथा गुनासो सुनुवाई संयन्त्र बारेमा जानकारी | १ | १० | १० | |
| जम्मा | | १० | | १०० | |

## विद्यालय सहायक छनोट परीक्षाको अन्तर्वार्ता योजना (Interview Examination Scheme)

१. शैक्षिक योग्यता बापतः ५ अङ्क
- ✓ विद्यालय सहायक कर्मचारीको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा ३ अङ्क र द्धितीय श्रेणी भए २ अङ्क,
- ✓ सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा २ अङ्क र द्धितीय श्रेणी भएमा १ अङ्क,

२. अन्तर्वार्ता बापतः १५ अङ्क
- ✓ व्यक्तित्व/ आचरण बापत – २ अङ्क
- ✓ सम्बन्धीत पदको विषयवस्तुको ज्ञान बापत- ३ अङ्क
- ✓ प्रस्तुतिकरण बापत- ३ अङ्क

- ✓ सम्बन्धीत पदमा कामको अनुभव बापत प्रति वर्ष ०.५ अङ्कका दरले बढीमा २ अङ्क
- ✓ कम्प्युटर प्रयोगात्मक परीक्षण बापत – ५ अङ्क

❖ **तर अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुपर्ने कारण स्पष्ट रूपमा खुलाउनुपर्नेछ।**

**द्रष्टव्यः विद्यालय सहायक कर्मचारीको लागि अन्य थप स्पष्टताः**

- ➢ न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र, लेखा वा गणित विषयमा कक्षा १२ वा प्रविणता पत्र वा सो सरह उत्तीर्ण गरेको हुनपर्नेछ।
- ➢ तालिमः आधारभूत कम्प्युटर (Basic Computer) तालिम प्राप्त भएको हुनुपर्नेछ।
- ➢ उमेर हद १८ वर्ष पूरा भएर ४० वर्ष ननाघेको हुनुपर्नेछ।
- ➢ सामान्य परीक्षा (वस्तुगत परीक्षाको) लागि १ घण्टा समय निर्धारण गरिएको छ।
- ➢ वस्तुगत परीक्षामा परीक्षार्थीले गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा अङ्क कट्टा गरिनेछैन। तर केरमेट गरी उत्तर लेखेमा उक्त उत्तरलाई गलत उत्तर मानी अङ्क कट्टा गरिनेछ।
- ➢ सामान्य परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूलाई मात्र दोस्रो चरणको विषयगत परीक्षामा सम्मिलित गराईनेछ।
- ➢ विषयगत परीक्षाको लागि ३ घण्टा समय निर्धारण गरिएको छ।
- ➢ विषयगत परीक्षामा गरी समग्रमा जम्मा उत्तीर्णाङ्क ४० अङ्क हुनेछ।
- ➢ सामान्य परीक्षामा सफल भई विषयगत परीक्षामा उत्तीर्णाङ्क ल्याउने उम्मेदवारहरूको सामान्य परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको ५० प्रतिशत अङ्क जोडेर लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।
- ➢ यस पाठ्यक्रम अन्तर्गतका विषयमा जुन सुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून (ऐन, नियम) तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।
- ➢ यो पाठ्यक्रम तथा मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुभन्दा अगाडी भए गरेका काम कार्बाहीहरू यथावत हुनेछन्।
- ➢ विद्यालय सहायक कर्मचारीको अवकाश उमेर हद ६० वर्ष हुनेछ।
- ➢ यस पाठ्यक्रमलाई सामान्य परीक्षा प्रथम चरण, विषयगत परीक्षा दोस्रो चरण र अन्तर्वार्ता गरी अन्तिम तीन चरणमा विभाजन गरिएको छ।
- ➢ उत्तरपुस्तिकामा मिल्ने सही विकल्प (क) (ख) (ग) र (घ) उल्लेख गर्नुपर्नेछ।
- ➢ प्रथम चरण उत्तीर्ण भई उच्चतम अङ्क प्राप्त गर्ने (१ पदको लागि) ३ जना उम्मेदवारहरूको रोल्न अनुसार प्रथम चरणको लिखित नतिजा प्रकाशन गरिनेछ।
- ➢ प्रथम चरण सामान्य परीक्षाको ५० प्रतिशत, विषयगत परीक्षाको र अन्तर्वार्ताको अन्तिम चरणको जम्मा प्राप्ताङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार सफल उम्मेदवारको रूपमा अन्तिम नतिजा प्रकाशन गरिनेछ।
- ➢ यो पाठ्यक्रम पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।